आज मिति २०७९।१२।२० गते सोमबारका दिन बिहान ८:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को १८ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुज़ा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति:

धन बहादुर शर्मा कार्यालय सहयोगी

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

**गण्डकी प्रदेश, नेपाल।**

कार्यपालिका बैठक मिति : २०७९।१२।२० गते

समय : विहान ८:४बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०७९।१२।१८ गते

**छलफलका एजेण्डाहरु:**

१) पुर्व निर्णयको समिक्षा सम्बन्धमा,
२) अध्यक्ष कप प्रतियोगिता सम्बन्धमा,
३) पक्की मोटरेवल पुलहरु माग गर्ने सम्बन्धमा,
४) विपद् व्यवस्थापन तथा न्युनिकरण गर्ने सम्बन्धमा,
५) चिस्यान केन्द्र निर्माण सम्बन्धमा,
६) पुङ्दी खोलाको खानेपानीको राजश्व उठाउने सम्बन्धमा,
७) बस्ती विकास तथा शहरी विकास कार्यविधि निर्माण गर्ने सम्बन्धमा,
८) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण गर्ने सम्बन्धमा,
९) रोयल्टी बाँडफाँड तथा परिचालन सम्बन्धमा,
१०) गाउँपालिका भित्रका सडकहरुको गाडीभाडा निर्धारण सम्बन्धमा,
११) कार्यालय सहयोगी, सुरक्षा गार्ड र सवारी चालकको आधारभुत कार्यसञ्चालन कार्यविधि (SOP) स्विकृत गर्ने सम्बन्धमा,
१२) गाउँपालिकाको कार्यालय भवन रंगरोगन तथा व्यवस्थापन सम्बन्धमा,
१३) गण्डकी प्रदेश सरकारमा आ.व. २०८०/८१ को लागि समपुरक तथा विशेष अनुदानको योजना पेश गर्ने सम्बन्धमा,
१४) आर्थिक सहायता सम्बन्धमा,
१५) बाटो मर्मत सम्बन्धमा,
१६) ५ शैया अस्पतालको बजेट माग सम्बन्धमा,
१७) राष्ट्रिय परिचय पत्र दर्ता अभियान सम्बन्धमा,
१८) घोरेपानी-उल्लेरी मोटरबाटो निर्माण सम्बन्धमा,
१९) पोखरेवगरबाट स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धमा,

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०७९।१२।०८ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। सो सम्बन्धमा अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाइयो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७९।१२।२७ देखि २०८०।०१।०१ सम्म सञ्चालन हुने अध्यक्ष कप प्रतियोगिताका लागि विविध कार्यक्रम शीर्षकबाट रु २००००० बजेट थप गर्ने।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा तपसिल बमोजिमका पक्की मोटरेवल पूलहरु निर्माण गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

तपसिल

१ बैसरी – औल

२ शिख र किन्दु जोड्ने घिवाङ खोला

३ घार र पाउद्वार जोड्ने कुरिलाबगर पूल

४ दाना (ठाँटीटोल) र नारच्याङ (गाडपार )जोड्ने पूल

५ हिस्तान र राम्चे जोड्ने मर्ना खोला पूल

६ बगरखोला पूल (वडा नं १)

७ रातोपानी –ठूलोबगर पूल

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा सम्भावित विपद्को न्यूनीकरण तथा उत्थानशीलताका लागि तपसिल बमोजिम गर्ने

क) हाल भाडामा लिइएको घरमा विपद् सामग्री भण्डार गरी स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन गर्ने। आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराइदिन गोर्खा वेल्फेयर ट्रस्टलाई अनुरोध गर्ने साथै गाउँपालिकाको तर्फबाट समेत सामग्री खरिद गर्ने व्यवस्था गर्ने।

ख) हरेक वर्षको वर्षाले गाउँपालिकाका धेरै घरहरु क्षति हुने गरेकाले सो को जोखिम वहनका लागि गाउँपालिका भित्र रहेका सबै कच्ची घरहरुको ५० प्रतिशत लागत साझेदारीमा निर्जीवन बिमा गर्नु उपयुक्त देखिएकाले वडास्तरमा छलफल गरी थप कार्यक्रम तय गर्ने साथै बिमा कम्पनीहरुलाई खुला सुचना मार्फत आमन्त्रण गरी छलफल गर्ने।

ग) वडा नं २ निवासी श्री सुरेश तिलिजाको निजी आवास निर्माणको कार्य सम्पन्न भएकाले अन्तिम किस्ता भुक्तानीका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारीस गरी पठाउने।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा गण्डकी प्रदेशको समपूरक अनुदानमा चिस्यान केन्द्र निर्माणका लागि जग्गा व्यवस्थाको कार्य नटुङ्गिएकाले सो व्यवस्था भएपश्चात मात्र थप कार्य अगाडि बढाउने।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ७ हिस्तानमा रहेको पुङ्दी खोलाबाट बेनी खानेपानी उपभोक्ता संस्था मार्फत पानीको उपभोग भइरहेकोमा प्राकृतिक स्रोत उपयोग गरेबापतको शुल्क उपलब्ध गराइदिन विगतमा समन्वय गरिएकामा हालसम्म कुनै राजश्व प्राप्त भएको छैन। सो सम्बन्धमा शुल्क स्वरुप १५ औं गाउँसभाबाट चालु आ .व का लागि रु २००००० निर्धारण भएकाले सो रकम माग गरी पत्राचार गर्ने। आगामी योजनाका लागि उक्त संस्थासँग छलफल गर्ने। साथै समन्वय गरिदिन जिल्ला समन्वय समिति म्याग्दी र बेनी नगरपालिकालाई अनुरोध गर्ने।

अन्नपूर्ण गाउँपालिका

निर्णय नं ७
प्रस्ताव नं ७ माथि छलफल गर्दा बस्ती विकास तथा शहरी विकास कार्यविधिको मस्यौदा तयार गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने।

श्री अमृत सुवेदी, प्र. प्र.अ- संयोजक
श्री रमेश पुर्जा , वडा नं ३ अध्यक्ष -सदस्य
श्री ईश्वर भण्डारी, इन्जिनियर, सदस्य सचिव

निर्णय नं ८
प्रस्ताव नं ८ माथि छलफल गर्दा सेवा प्रवाह सुदृढीकरण गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने भएकाले तपसिल बमोजिमको समिति गठन गर्ने।

श्री अमृत सुवेदी, प्र प्र अ -संयोजक
श्री देव कुमारी खोरजा, कार्यपालिका सदस्य - सदस्य
श्री प्रेम पराजुली, लेखापाल -सदस्य सचिव

निर्णय नं ९
प्रस्ताव नं ९ माथि छलफल गर्दा गाउँपालिकामा प्राप्त हुने रोयल्टी परिचालनका सम्बन्धमा स्पष्ट मापदण्ड तयार गर्नुपर्ने भएकाले आगामी बैठकमा थप छलफल गर्ने।

निर्णय नं १०
प्रस्ताव नं १० माथि छलफल गर्दा सर्वसाधारण तथा यातायात व्यवसायीका लागि समेत अनुकूल हुने गरी गाउँपालिका भित्रका सडकहरुमा भाडादर निर्धारण गर्न वडास्तरमा छलफल गरी आगामी बैठकमा पेश गर्ने।

निर्णय नं ११
प्रस्ताव नं ११ माथि छलफल गर्दा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट कार्यालय सहयोगी, सवारी चालक तथा सुरक्षा गार्डको नियमित कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure -SOP) स्वीकृत गरी लागू गर्ने।

निर्णय नं १२
प्रस्ताव नं १२ माथि छलफल गर्दा भाडामा सञ्चालनमा रहेको गाउँ कार्यपालिकाको कार्यालयको मुख्य भवनमा रङरोगन तथा सेवाग्राही प्रतिक्षालय निर्माण गर्नका लागि प्राविधिक लागत अनुमान अनुसारको बजेट व्यवस्था गरी कार्य अगाडि बढाउने।

निर्णय नं १३
प्रस्ताव नं १३ माथि छलफल गर्दा आगामी आ व २०८०।०८१ का लागि आर्थिक मामिला मन्त्रालय , गण्डकी प्रदेशमा समपूरक र विशेष योजनामा तपसिलको प्राथमिकता निर्धारण गरी आयोजनाहरु माग गर्ने।

समपूरक अनुदान

१. वडा नं ७ को कार्यालय भवन निर्माण रु ५००००००/- लागत साझेदारी हुने
२. मुक्तिमार्ग मा वि घारको ग्राउण्ड निर्माण रु ५००००००/- लागत साझेदारी हुने
३. छेम्दी कृषि सडक निर्माण ( वडा नं ४ ) रु ५००००००/- लागत साझेदारी हुने

विशेष अनुदान

१. खिवाङ –घराम्दी सडक निर्माण वडा नं ६ र ७ जोड्ने विगत वर्षको अधुरो योजना
२. कैलाश मा वि दोवाको खहरेखोला व्यवस्थापन तथा प्राङ्गण निर्माण
३. दाना स्वास्थ्य चौकी निर्माण

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी ... नेपाल

निर्णय नं १४
प्रस्ताव नं १४ माथि छलफल गर्दा तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने।
-वडा नं ४ निवासी निशान परियारको छोरा निक्शन परियार आँखाको क्यान्सरबाट पीडित भएकाले रु १५०००/-
-वडा नं ५ किन्दु निवासी श्री हर्क बहादुर सुनारको घर मिति २०७९।१२।०६ को वर्षाले आंशिक क्षति भएकाले रु १५०००/-

निर्णय नं १५
प्रस्ताव नं १५ माथि छलफल गर्दा अध्यक्ष कप प्रतियोगितालाई लक्षित गरी महभिर-घराम्दी-टिकोट-दोसल्ले मोटरबाटो सफाइ तथा मर्मत गर्नका लागि विपद् व्यवस्थापन सम्बन्धित शीर्षकमा व्ययभार हुने गरी रु ३०००००/- बजेट व्यवस्था गर्ने।

निर्णय नं १६
प्रस्ताव नं १६ माथि छलफल गर्दा गाउँपालिकामा निर्माण भएको ५ शैय्याको आधारभूत अस्पतालको लागि कार्य सम्पन्न भएको बील निर्माण व्यवसायीबाट पेश हुन आएको तर अन्तिम किस्ता रकम प्राप्त नहुँदा भुक्तानीमा समस्या आएकाले उक्त अस्पताल निर्माणमा कुनै कार्य गर्न बाँकी रहेको भए गाउँपालिकाले निर्माण कार्य पूरा गर्ने प्रतिवद्दता सहित बजेट माग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने।

निर्णय नं १७
प्रस्ताव नं १७ माथि छलफल गर्दा यस गाउँपालिकामा निकट भविष्यमा नै सञ्चालन हुन लागेको राष्ट्रिय परिचय पत्र दर्ता अभियानलाई सफल बनाउनका लागि व्यापक प्रचारप्रसार गर्ने। साथै वडास्तरमा खटिने दर्ता कर्मचारीको खाना र बसाईको व्यवस्था वडा कार्यालयले गरी भुक्तानीका लागि गाउँपालिकामा पेश गर्ने।

निर्णय नं १८
प्रस्ताव नं १८ माथि छलफल गर्दा घोरेपानी उल्लेरी मोटरबाटो निर्माणका लागि रु १२,००,०००/- बजेट विनियोजन भएकोमा सो कार्यलाई अगाडि बढाउनका लागि वडास्तरमा छलफल गरी बाटोको नक्साङ्कन गर्न वडाध्यक्षलाई जिम्मा दिने र निर्क्यौल भई आए अनुसार नै सम्झौता गरी कार्य अगाडी बढाउने ।

निर्णय नं १९
प्रस्ताव नं १९ माथि छलफल गर्दा गाउँपालिकाको केन्द्र रहेको स्थान पोखरेबगरमा स्वास्थ्य संस्थाको स्थापना गरी सेवा प्रवाह गर्ने सम्बन्धमा प्रतिवेदन तयार गरी १० दिनभित्र पेश गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिने।

निर्णय प्रमाणित गर्ने ।
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
२०७९।१२।२१

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था. २०७३